# सिंचित क्षेत्र सघन कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७५

(नेपाल सरकार सचिवस्तर मिति २०७५।०८।१४ मा स्वीकृत)

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

कृषि विभाग

## सिचांई तथा जलश्रोत व्यवस्थापन आयोजना

कुमारीपाटी, ललितपुर

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

# सिंचित क्षेत्र सघन कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७५

**प्रस्तावना:** सिंचित क्षेत्रको कृषि उत्पादन क्षमताको पूर्ण उपयोग गर्न सकिएमा देश कृषिमा आत्मनिर्भर हुने र खाद्य सुरक्षालाई सुनिश्चित गर्न सकिने हुन्छ ।नेपालको संविधान २०७२ मा खाद्य सम्वन्धि हकलाई मौलिक हकको रुपमा अङ्गिकार गरिएको र कृषि विकास रणनितीले समेत खाद्यान्न वालीको प्रवर्द्धनलाई प्राथिमिकतामा राखेको एवम् कृषि, पशुपंक्षी, भूमि व्यवस्था तथा सहकारी क्षेत्र रुपान्तरणको मार्गचित्र, २०७५ को बुँदा नं ९ मा "प्रमुख खाद्य वस्तुहरुमा परनिर्भरताको कारण मुलूकले व्यहोरिरहेको समस्यालाई दृष्टिगत गर्दै खाद्य सूरक्षाका रणनितिक महत्वका वालीहरु, जस्तैः धान मकै, गहुँमा आत्मनिर्भरता हासिल गर्न ठूला सिंचाई आयोजनाहरुको कमाण्ड क्षेत्रभित्र सघन कृषि विकास कार्यक्रम संचालन गरिनेछ" भन्ने उल्लेख भएको ।

विशेष गरेर खाद्य सुरक्षाका रणनीतिक महत्वका धान, मकै र गहुँ मध्ये नेपालीहरुको क्रयशक्ति वढे सङ्गै उपभोग शैलीमा परिवर्तन भै मसिना तथा वासनादार चामलको माग वर्षें पिच्छे वढिरहेको र वाह्य देशवाट यस्ता चामलहरुको आयात समेत उल्लेखनिय रुपमा वृद्धि भएको तथ्याङ्कहरुलाई समेत दृष्टिगत गरी आ.व. २०७५/७६ मा पाईलटिङ्गको रुपमा ठूला सिंचाई आयोजनाहरुको कमाण्ड क्षेत्रभित्र **सिंचित क्षेत्र सघन कृषि विकास कार्यक्रम** अन्तर्गत मसिना तथा वासनादार धान उत्पादन प्रवर्द्धन गर्न आवश्यक भएको हुदाँ सो कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी रुपमा सन्चालन गर्ने उद्देश्यले सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा १४ तथा सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम ९ ले दिएको अधिकार प्रयोग गरी कृषि तथा पशुपन्छी विकास मन्त्रालयले सिंचित क्षेत्र सघन कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ तयार गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस कार्यविधिको नाम "सिंचित क्षेत्र सघन कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७५" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषा</u> : (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यक्रम" भन्नाले सिंचित क्षेत्र सघन कृषि विकास कार्यक्रम सम्झनु पर्छ।

(ख) "मन्त्रालय" भन्नाले कृषि सम्वन्धि विषय हेर्ने नेपाल सरकारको मन्त्रालय सम्झनु पर्छ।

(ग) "मसिना तथा वासनादार धान" भन्नाले मसिना दाना र वासना आउने वा मसिना दाना भएको वा वासना आउने जेठो वुढो, पोखरेली, वासमती जस्ता स्थानीय (रैथाने) तथा उन्नत (अन्तःप्रजनन र वर्णशङ्कर) जातका धानलाई सम्झनु पर्छ।

(घ) "सूचित वीउ" भन्नाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी पञ्जिकरण गरेको वीउ विजन सम्झनु पर्छ।

(ङ) "श्रोत वीउ" भन्नाले प्रचलित वीउ विजन ऐन, २०४५ र सो को नियमावली, २०६९ अनुसार प्रमाणीकरण गरिएको वीउ सम्झनु पर्छ।

(च) "उन्नत वीउ" भन्नाले प्रचलित वीउ विजन ऐन, २०४५ र सो को नियमावली, २०६९ अनुसार यथार्थ संकेत पत्र लगाएको वीउलाई सम्झनु पर्छ।

(छ) "ठूला सिंचाई आयोजना/प्रणाली" भन्नाले ५००० हेक्टर भन्दा वढि सिंचाई क्षेत्र भएको आयोजना/प्रणाली सम्झनु पर्छ।

३. <u>उद्देश्य</u> : कार्यक्रमको उद्देश्य देहाय वमोजिम हुनेछः-

(क) सिंचित क्षेत्रमा पानीको समूचित सदुपयोग गरि उन्नत/स्थानीय मसिना तथा वासनादार धानवालीको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने।

(ख) मसिना तथा वासनादार धानको व्यवसायिकरणका लागि पूर्वाधारको निर्माण गरि मूल्य अभिवृद्धि गर्ने।

(ग) मसिना तथा वासनादार चामलको आयातलाई क्रमशः प्रतिस्थापन गर्ने।

(घ) मसिना तथा वासनादार धानको स्थानिय/रैथाने जातहरुको जात दर्ता सहजीकरण, संरक्षण तथा सम्वर्द्धन गर्ने।

## परिच्छेद-२
## <u>कार्यक्रम संचालन प्रकृया</u>

४. <u>कार्यक्रम सन्चालन स्थल</u> : (१) आ.व. २०७५/७६ मा यस कार्यक्रम पाईलटिङ्गको रुपमा ४ (चार) वटा ठूला सिंचाई आयोजना/प्रणालीहरुमा सन्चालन गरिनेछ। कार्यक्रम सन्चालन हुने ठूला सिंचाई आयोजना/प्रणालीहरुको छनौट दफा ७ वमोजिमको कार्यकारी समितिवाट गरिनेछ।

(२) आगामी वर्ष देखि सम्भाव्यताको आधारमा यस कार्यक्रमलाई अन्य ठूला सिंचाई आयोजना/प्रणालीहरुमा आयोजनागत रुपमा समेत सन्चालन गर्न सकिनेछ।

५. <u>कार्यक्रम तर्जुमा र कार्यान्वयन</u> : (१) यो कार्यक्रम जलउपभोक्ता संस्था वा जलउपभोक्ता संस्थाले सिफारिस गरेको कृषक समूह/सहकारीसंग साझेदारीमा कार्यान्वयन गरिनेछ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

(२) जलउपभोक्ता संस्था वा जलउपभोक्ता संस्थाले सिफारिस गरेको कृषक समूह/सहकारी, सिंचाई तथा जलश्रोत व्यवस्थापन आयोजना/आयोजना कार्यान्वयन इकाई र वाली विकास तथा कृषि जैविक विविधता संरणण केन्द्रले सहभागितात्मक योजना तर्जुमा कार्यक्रम मार्फत कार्यक्रम, लागत इष्टिमेट/वजेट र कार्य योजना तयार गरी स्वीकृत वजेटको परिधि भित्र रहि जलउपभोक्ता संस्थासङ्ग सम्झौता गरि कार्यान्वयन गरिनेछ।

(३) सिंचित क्षेत्र सघन कृषि विकास कार्यक्रम सन्चालनको लागि जलउपभोक्ता संस्थालाई सहयोग गर्न आवश्यकताको आधारमा स्थानिय श्रोत व्यक्ति करारमा नियुक्ति गरि परिचालन गरिनेछ।

(४) जलउपभोक्ता संस्थालाई मसिना तथा वासनादार धानको क्षेत्र विस्तारको आधारमा कार्यक्रम सञ्चालन, अनुगमन तथा प्रतिवेदन तयार गर्न आवश्यक वजेट उपलव्ध गराईनेछ।

(५) यस कार्यक्रमको अवधि ५(पाँच) वर्षको हुनेछ।

६. **कार्यक्रमका मुख्य कृयाकलापहरु :** मसिना तथा वासनादार धानको उत्पादन देखि वजारिकरणसम्म सहयोग र सहजिकरण गर्ने उद्देश्यले सञ्चालित यस कार्यक्रमका मुख्य कृयाकलापहरु देहाय वमोजिम हुनेछः-

(क) **क्षेत्र विस्तार** : मसिना तथा वासनादार धानको क्षेत्र विस्तारको लागि जलउपभोक्ता संस्थासङ्ग सम्झौता गरि सो को लागि आवश्यक प्राविधिक सहयोग उपलव्ध गराईनेछ । सिफारिस गरिएका मसिना तथा वासनादार धानको विउमा ७५(पचहत्तर) प्रतिशत अनुदान उपलव्ध गराईने छ। सो विउको अनुदान कृषक/कृषक समूह/सहकारी/निजि कम्पनिको वैङ्क खातामा जम्मा गरिनेछ।

(ख) **विजवृद्धि कार्यक्रम** : (१) मसिना तथा वासनादार धानको सूचित जातहरु (रैथाने जातहरु समेत) को श्रोत वीउ विजवृद्धि कार्यक्रम सन्चालन गर्ने कृषक/कृषक समूह/सहकारी/निजि कम्पनिलाई उत्पादित श्रोत वीउमा प्रति के.जी रु.२५/- (पच्चिस) का दरले वीउ विजन प्रयोगशालावाट प्रमाणीकरण पश्चात प्रोत्साहन रकम उपलव्ध गराईनेछ।

(२) मसिना तथा वासनादार धानका जातहरुको मूल वीउ नेपाल कृषि अनुसन्धान परिषद् र श्रोत वीउ उत्पादनको अनुमति पाएका कृषक/कृषक समूह/सहकारी/निजि कम्पनिवाट उपलव्ध हुनेछ।

(३) उन्नत वीउको विजवृद्धि कार्यक्रम सन्चालन गर्ने कृषक/कृषक समूह/सहकारी/निजि कम्पनिलाई श्रोत विउमा ७५ (पचहत्तर) प्रतिशत अनुदान र रु. ५०००/- (पाँच हजार) प्रति हेक्टर प्रोत्साहन रकम उपलव्ध गराईनेछ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

(४) उत्पादित उन्नत वीउको प्रमाणिकरण, सङ्कलन, संचय, प्रशोधन, उपचार र प्याकेजिङ्गको लागि समेत कृषक/कृषक समूह/सहकारी/निजि कम्पनिलाई सहयोग गरिनेछ।

(५) नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गतको सम्वन्धित अनुसन्धान केन्द्रलाई मसिना तथा वासनादार धानको वीउ उत्पादन र जातिय परिक्षण गर्न सहयोग प्रदान गरिनेछ । मसिना तथा वासनादार धानका वर्णशङ्कर जातहरुको वीउ उत्पादनको लागि नेपाल कृषि अनुसन्धान परिषद् र निजी क्षेत्रलाई सहयोग कार्यक्रम सन्चालन गरिनेछ।

(६) कृषक/कृषक समूह/सहकारी/निजि कम्पनिलाई उपलव्ध गराईने अनुदान तथा प्रोत्साहन रकम सम्वन्धित कृषक/कृषक समूह/सहकारी/निजि कम्पनिको वैङ्क खातामा जम्मा गरिनेछ।

(ग) **खेतस्तरको सिंचाईका संरचना सुधार** : सिंचाई प्रणालीमा उपलव्ध पानीको अधिकतम उपयोग गरी उचित जल व्यवस्थापन (on-farm water management) को लागि खेत स्तरका सिंचाईका स-साना संरचनाहरुको निर्माण तथा सुधार गरिनेछ । यसको लागि यस कार्यक्रमवाट लागतको ८५(पचासी) प्रतिशत व्यहोरिने छ।

(घ) **कृषि यान्त्रिकरण** : मसिना तथा वासनादार धान उत्पादनको लागत घटाउन तथा उत्पादकत्व वृद्घि गर्न आवश्यक कृषि यान्त्रिकरणमा सहयोग गरिनेछ । कम्वाईण्ड हार्भेष्टर, ट्रान्स्प्लान्टर जस्ता विशिष्ट कृयाकलापको लागि वर्षको निश्चित समयमात्र प्रयोग हुने ठूला मेशिनको लागि यस कार्यक्रमवाट लागतको ८५(पचासी) प्रतिशत र अन्यको हकमा ५० (पचास) प्रतिशत व्यहोरिने छ।

(ङ) **वजार व्यवस्थापन तथा पोष्ट हार्भेष्ट व्यवस्थापन सहयोग** : मसिना तथा वासनादार धान तथा चामलको भण्डारण, प्रशोधन, प्याकेजिङ्ग, लेवलीङ्ग, व्राण्डीङ्ग एवम वजारिकरणको लागि कृषक समूह/सहकारी/निजि कम्पनिलाई पूर्वाधार निर्माण एवम् प्राविधिक क्षमता अभिवृद्घि गर्न आवश्यक सहयोग उपलव्ध गराईनेछ। कमाण्ड क्षेत्र भित्र स्थानिय स्तरमा सन्चालित प्रशोधन मिल तथा भण्डारण गृहहरुको सुदृढिकरण तथा क्षमता अभिवृद्घि समेत गरिनेछ। पूर्वाधार निर्माण एवम् सुदृढिकरणमा कृषक समूह/सहकारी/निजि कम्पनिलाई ५० (पचास) प्रतिशत अनुदान उपलव्ध गराईनेछ।

सचिव

(च) **कृषि सामग्रीहरुको सहज आपूर्तीको लागि सहयोग** : स्थानिय स्तरमा सिंचाई आयोजना/प्रणालीको कमाण्ड क्षेत्र भित्र कृषि सामग्रीहरुको सहज आपूर्ती गर्नको लागि कृषक समूह/सहकारी/निजि कम्पनिलाई पूर्वाधार निर्माण एवम् प्राविधिक क्षमता अभिवृद्धि गर्न आवश्यक सहयोग उपलव्ध गराईनेछ।

(छ) **प्रविधि प्रदर्शन तथा क्षमता अभिवृद्धि** : (१) मसिना तथा वासनादार धानको आधुनिक प्रविधी विस्तारको लागि सिकाई केन्द्रको रुपमा व्लकमा नमूना मसिना तथा वासनादार धान उत्पादन प्रदर्शन गरिनेछ।

(२) खण्ड (१) वमोजिम प्रदर्शनको लागि आवश्यक पर्ने वीउ, विषादी, मलखाद जस्ता कृषि सामग्रीहरु यस कार्यक्रमवाट व्यहोरिने छ।

(३) यस प्रदर्शन कार्यमा उन्नत खेति, कृषि यान्त्रिकरण, जलव्यवस्थापन, आदि प्रविधिको प्रदर्शन गरी अन्य कृषकहरुलाई अवलोकन गराईनेछ।

(४) मसिना तथा वासनादार धानको आधुनिक प्रविधि, कृषि यान्त्रिकरण, जलव्यवस्थापन जस्ता विषयमा कृषक/सहकारी/निजि क्षेत्रको क्षमता अभिवृद्धि गर्न आवश्यकता अनुसार तालिमहरु सन्चालन गर्न सकिनेछ।

(ज) **रैथाने जातको दर्ता सहजिकरण** : मसिना तथा वासनादार धानको रैथाने जातहरुको दर्ता सहजिकरणका लागि नेपाल कृषि अनुसन्धान षरिषद् र वीउ वीजन गुणस्तर नियन्त्रण केन्द्रसङ्गको सहकार्यमा कार्यक्रम सन्चालन गरिनेछ।

## परिच्छेद-३

## सिंचित क्षेत्र सघन कृषि विकास कार्यक्रम कार्यान्यवनको संरचागत व्यवस्था

७. <u>कार्यकारी समिति गठन</u> : (१) सिंचित क्षेत्र सघन कृषि विकास कार्यक्रमको सन्चालन एवं सहजिकरणको लागि कृषि विभाग अन्तर्गत देहाय बमोजिमको एक कार्यकारी समिति रहने छ :-

| | | |
|---|---|---|
| (क) | महानिर्देशक, कृषि विभाग- | संयोजक |
| (ख) | उपमहानिर्देशकहरु- | सदस्य |
| (ग) | प्रतिनिधी, जलश्रोत तथा सिंचाई विभाग - | सदस्य |
| (घ) | प्रमुख, बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र - | सदस्य |
| (ङ) | प्रमुख, कृषि यान्त्रिकरण प्रवर्द्धन तथा कृषि पूर्वाधार विकास केन्द्र - | सदस्य |
| (च) | प्रतिनिधी, नेपाल कृषि अनुसन्धान परिषद् - | सदस्य |
| (छ) | वरिष्ठ कृषि अर्थ विज्ञ, कृषि विभाग | |

(योजना, कार्यक्रम तथा अनुगमन शाखा) - सदस्य

(ज) आयोजना संयोजक, सिंचाई तथा जलश्रोत व्यवस्थापन आयोजना/ आयोजना कार्यान्वयन इकाई - सदस्य-सचिव

(२) कार्यकारी समितिको बैठक कम्तिमा चौमासिक अवधिमा एक पटक बस्ने छ ।

(३) कार्यकारी समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ।

(४) कार्यकारी समितिको बैठकमा आवश्यकता अनुसार विषयविज्ञ र अन्य सरोकारवाला निकायका प्रतिनिधीलाई आमन्त्रित गर्न सक्ने छ।

८. **कार्यकारी समितिको काम , कर्तव्य र अधिकार** : कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :-

(क) सिंचित क्षेत्र सघन कृषि विकास कार्यक्रम कार्यान्वयनको लागि नीतिगत मार्गदर्शन एवं निर्देशन दिने,

(ख) सिंचित क्षेत्र सघन कृषि विकास कार्यक्रमको कार्यान्वयन गर्ने क्रममा कार्यान्वयन इकाईबाट तयार पारिएको क्रियाकलाप तथा बजेटलाई स्विकृतीको लागि सम्वन्धित निकायमा पेश गर्ने,

(ग) कार्यक्रम सन्चालनको लागि आवश्यक प्राविधिक र अन्य जनशक्ति तथा लजिस्टिक सुविधाको व्यवस्थापन गर्ने, गराउने,

(घ) अन्तर निकाय समन्वयको लागि सहजीकरण गर्ने,

(ङ) सिंचित क्षेत्र सघन कृषि विकास कार्यक्रमको अनुगमन तथा मूल्याँकन गर्ने,

(च) कार्यक्रम कार्यान्वयनको आवधिक समिक्षा गर्ने र अन्य सम्वन्धित निकायहरुमा नियमित प्रगति प्रतिवेदन पेश गर्न लगाउने,

(छ) कार्यक्रम कार्यान्वयनको क्रममा देखा परेका समस्या समाधानमा पहल गर्ने,

(ज) कार्यक्रम संचालनका लागि कार्यक्षेत्रको आवशकता अनुसार थपघट गर्ने।

९. **सिंचित क्षेत्र सघन कृषि विकास कार्यक्रम कार्यान्वयन इकाई** : (१) सिंचित क्षेत्र सघन कृषि विकास कार्यक्रम सन्चालनको मूख्य जिम्मेवारी कृषि विभाग मातहतमा रहेको सिंचाई तथा जलश्रोत व्यवस्थापन आयोजना/आयोजना कार्यान्वयन इकाईको हुनेछ र फिल्ड स्तरमा कार्यान्वयनको लागि आवश्यकता अनुसार कृषि विभागले मातहतका कर्मचारीलाई काजमा पठाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम कार्यान्वयन इकाईको कार्य विवरण देहाय बमोजिम हुनेछ :-

(क) सिंचित क्षेत्र सघन कृषि विकास कार्यक्रम अन्तर्गत सन्चालन गरिने कृयाकलापहरुको बार्षिक कार्यक्रम तथा चौमासिक विभाजन तयार गरी कार्यकारी समितिमा स्विकृतीको लागि पेश गर्ने।

(ख) स्वीकृत वार्षिक कार्यक्रम सन्चालन गर्ने।

(ग) सन्चालित कार्यक्रमको प्रगति प्रतिवेदन तयार गरि नियमित रुपमा तालुक निकायहरुमा पेश गर्ने।

(घ) कार्यकारी समितिको बैठकमा पेश गरिने एजेण्डा तयार गरी बैठक बस्ने व्यवस्था गर्ने ।

(ङ) कार्यकारी समितिको सचिवालयको कार्य गर्ने।

(३) कार्यक्रम कार्यान्वयन इकाईले सम्वन्धित स्थानीय तह एवम् कृषि ज्ञान केन्द्रको समन्वयमा सिंचित क्षेत्र सघन कृषि विकास कार्यक्रमको योजना तर्जुमा, कार्यक्रम सन्चालन एवम् अनुगमन तथा निरीक्षण गर्नेछ।

## परिच्छेद-४
## विविध

१०. **अनुगमन तथा मूल्याकँन व्यवस्था**: यस कार्यक्रमको अनुगमन तथा मूल्याँकन मन्त्रालय र कृषि विभागवाट नियमित रुपमा हुनेछ।

११. **कार्यक्रममा समेटिने अन्य वालीहरु** : प्रथम वर्षको अनुभव र सिकाईवाट आवश्यकताको आधारमा आगामी वर्षहरुमा सिंचित क्षेत्र सघन कृषि विकास कार्यक्रम अन्तर्गत अन्य वालीहरुलाई समेत समेट्न सकिनेछ।

१२. **कारवाहीको व्यवस्था** : यस कार्यविधि बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेको पाइएमा वा रकमको हिसाब नबुझाएमा त्यस्ता अनुदानग्राहीलाई प्रचलित कानुन बमोजिम कारबाही गरि व्याज समेत असुल उपर गरिनेछ।

१३. **प्रचलित कानून लागू हुने** : यस कार्यविधिमा उल्लेख भएका विषय प्रचलित कानुनसङ्ग बाँझिएमा बाँझिएको हदसम्म अमान्य हुनेछ।

१४. **कार्यबिधि संशोधन** : मन्त्रालयले यस कार्यबिधिमा आवश्यक परिमार्जन गर्न सक्नेछ।